दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १८३ | बुटवल | २०८१ असार १६, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Jun.30, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र हाइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सूर्य लाईफ इन्सोरेन्स माथको भवन) फोन:- ०७१५४२५७१

पहिरोमा पुरिएर नौ को मृत्यु

अविरल वर्षासँगै गएको पहिरोले घर पुरिँदा गुल्मीमा पाँच, स्याङ्जामा दुई र बाग्लुङमा दुई जनाको मृत्यु भएको छ।

लुम्बिनी संवाददाता

गुल्मी

गुल्मी जिल्लाको मालिका गाउँपालिका -६ मा अर्जैमा गएको पहिरोले घर पुरिँदा एकै परिवारका पाँच जनाको ज्यान गएको छ। मृत्यु हुनेमा ५५ वर्षीय भेषबहादुर विकसहित उनकी श्रीमती, बुहारी र दुई नातिनिसहित पाँच जना रहेको मालिका गाउँपालिकाका अध्यक्ष देवीराम अर्यालले जानकारी दिए।

ज्यान जानेमा भेष बहादुरको ४७ वर्षीया श्रीमती सुन्तली विक, ३० वर्षीया बुहारी सीता विक, सात वर्षीया नातिनी रचना र अन्दाजी दुई वर्षीया कान्छी नातिनी विपना हुन्।

भेषबहादुरका तीन छोरा यतिबेला रोजगारका लागि भारतमा छन्। यता उनीहरूको घरपरिवार नै सखाप भएको छ। भारतमै रहेका जेठा छोरा विमल विकले बाबु आमासहित श्रीमती र दुई छोरी पहिरोमा गुमाएका छन्।

माइला छोरा सुवास विकको श्रीमती रोजगारकै लागि भारतमै थिइन्। कान्छा छोरा कृष्ण विक अविवाहित हुन्। रोजगारीको सिलसिलामा तीन छोरा र एक बुहारी भारतमा रहेका बेला यता भेषबहादुरका पाँच जनाको परिवार पहिरोमा पुरिएका हुन्। पहिरोले पुरिएका भेषबहादुरसहित सबैको शव पहिरो पन्छाएर निकालेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रामबहादुर केसीले जानकारी दिए।

पहिरोको कारणले छिमेकी दुई घर उच्च जोखिममा छन्।

यसैगरी, बागलुङको गलकोट नगरपालिका-८ काँडेबासको विसौनामा दम्पती घरसहित पहिरोमा पुरिएका छन्। विसौनाका ५५ वर्षीय प्रेम विक र उनकी श्रीमती ५० वर्षीया बसन्ती शुक्रबार राति पहिरोमा पुरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ऋषिराम कँडेलले जानकारी दिए। अहिले घटनास्थलमा प्रहरी टोली पठाइएको छ। स्थानीयले उनीहरूको खोजी गरिरहेका छन्। यसैबीच पहिरोले मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड अवरुद्ध भएको छ। यस क्षेत्रमा शुक्रबारदेखि लगातार पानी परिरहेको छ। कालीगण्डकी करिडोर र बागलुङ-कुश्मीशेरा सडक पनि अवरुद्ध छ।

यसैगरी, अविरल वर्षाका कारण पहिरोले घर बगाउँदा स्याङ्जामा आमा छोरीको मृत्यु भएको छ। फेदीखोला गाउँपालिका वडा नम्बर ५ बाँगेस्थित दुर्गा जिटीको घर पहिरोले बगाउँदा आमा छोरी पुरिएका हुन्। घरमा सुतिरहेकी २१ वर्षीय दुर्गा जिटी र उनकी ३ वर्षीय छोरी निकिता जिटीको मृत्यु भएको स्याङ्जा प्रहरीले जनाएको छ।

लुम्बिनीमा करिब २२ प्रतिशत मात्रै रोपाइँ

लुम्बिनी संवाददाता

बुटवल

मानो रोपेर मुरी उब्जाउने दिनको रूपमा मानिने असार १५ सम्म लुम्बिनी प्रदेशमा धान रोपाईंको अवस्था नाजुक देखिएको छ। सरकारले धुमधामका साथ राष्ट्रिय धान दिवस मनाइरहे पनि किसानहरूले पानी तथा मल अभाव हुँदा रोपाई गर्न सकेका छैनन्। सिँचाइका लागि पर्याप्त पानी र मलखादको अभावका कारण अधिकांश खेत बाँझै छन्।

कृषि विकास निर्देशनालयका कृषि अर्थ विज्ञ ढिल्लीराज पौडेलले असार १४ साँझसम्म १८.५ प्रतिशत रोपाईं र असार १५ गते थप साढे ३ प्रतिशत गरि करिब २२ प्रतिशत क्षेत्रमा मात्रै रोपाई भएको जानकारी दिए। समयमा नै वर्षा भएको भए ५० प्रतिशतको हाराहारीमा रोपाईं हुनुपर्ने समयमा अत्यधिक गर्मीका कारण जम्मा १८.५ प्रतिशत क्षेत्रफलमा रोपाईं भएको बताउँदै उनले शनिबारको दिनमा करिब साढे ३ प्रतिशत क्षेत्रफलमा रोपाईं सकिएको बताए। यद्यपी यसबाहेक थप विवरण आइतबार मात्रै अध्यावधिक गरिने छ। उनले भने-'यसवर्ष पनि समयमै वर्षा नहुँदा प्रदेशमा धान रोपाईं कम मात्रामा भएको छ। समयमै वर्षा भएको भए अहिले ५० प्रतिशतको हाराहारीमा रोपाईं हुन्थ्यो। तर, पानी नपर्दा थोरै क्षेत्रमा मात्रै रोपाईं भएको छ।'

यद्यपी गत वर्ष लुम्बिनी प्रदेशमा असार १४ गतेसम्म ११.०९ प्रतिशत धान रोपाईं भएको थियो। यो तथ्याङ्क हेर्दा यहाँ गतवर्षभन्दा रोपाईंको दर केही बढेको देखिन्छ। कृषि विकास निर्देशनालयका अनुसार लुम्बिनी प्रदेशमा धान रोपाईं हुने ३ लाख ११ हजार ६४३ हेक्टर क्षेत्रफलमध्ये अहिलेसम्म ६८ हजार ५६९ हेक्टर भन्दा केही धेरै क्षेत्रफलमा मात्रै रोपाईं भएको छ।

यस्तो छ जिल्लागत रोपाईंको अवस्था

प्युठानमा कुल ५ हजार २२० हेक्टर क्षेत्रफलमा धान रोपाईं हुन्छ भने कपिलवस्तुमा ६९ हजार ४९७ हेक्टर क्षेत्रफलमा धान रोपाईं हुन्छ। जसमध्ये प्युठानमा ६ हजार ५२५ हेक्टर क्षेत्रफल ८० प्रतिशत रोपाईं सम्पन्न भएको छ कपिलवस्तुमा ६९ हजार ४८० हेक्टर क्षेत्रफल ४ प्रतिशत रोपाईं भएको छ। यस्तै रुपन्देहीमा २३ प्रतिशत रोपाईं सकिएको छ। रुपन्देहीमा धान उत्पादन हुने ६३ हजार ४९७ हेक्टर क्षेत्रफलमध्ये १४ हजार ६०४ हेक्टरमा रोपाईं भएको छ। यस्तै धान उत्पादन हुने मुख्य जिल्ला दाङमा १० प्रतिशत र बर्दियामा २३.८ प्रतिशत रोपाईं सकिएको छ। दाङमा धान रोपाईं हुने कुल ३७ हजार २२५ हेक्टर क्षेत्रफलमध्ये ३ हजार ७२३ हेक्टर क्षेत्रफलमा रोपाईं भइसकेको छ भने बर्दियामा ५० हजार १०० हेक्टर क्षेत्रफलमध्ये ११ हजार ८९९ हेक्टरमा क्षेत्रफलमा रोपाईं सम्पन्न भएको छ। बाँकेमा धान उत्पादन हुने ३४ हजार ८५० हेक्टर क्षेत्रफलमध्ये ६९७ हेक्टर क्षेत्रफलमा रोपाईं भएको छ। जुन २ प्रतिशत मात्रै हो। नवलपरासी पश्चिममा धान रोपाईं हुने २० हजार ४८० हेक्टर क्षेत्रमध्ये ११ हजार ८७८ हेक्टर ५८ प्रतिशत मात्रै रोपाईं भएको कृषि विकास निर्देशनालयका कृषि अर्थ विज्ञ पौडेलले बताए। लुम्बिनी प्रदेशको पहाडी जिल्लामा सबैभन्दा धेरै धान उत्पादन हुने जिल्ला गुल्मीमा ११ प्रतिशत रोपाईं सकिएको छ।

» बाँकी ३ पेजमा

SEE उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई तथा शुभकामना

कक्षा ११ मा भर्ना खुल्यो

राष्ट्रकै अग्रणी शैक्षिक संस्था समुदायमा व्यवस्थापन भएको लुम्बिनी प्रदेश नमुना एवम् नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय देवीनगर, बुटवल -११, रुपन्देहीमा शैक्षिकसत्र २०८१/८२ को लागि कक्षा ११ मा भर्ना खुल्यो।

विज्ञान समूह	व्यवस्थापन समूह	सिभिल इन्जिनियरिङ समूह	कानुन समूह	शिक्षा समूह
नेपाली	नेपाली	अंग्रेजी	नेपाली	नेपाली
अंग्रेजी	अंग्रेजी	नेपाली	अंग्रेजी	अंग्रेजी
गणित	सामाजिक अध्ययन	गणित	सामाजिक अध्ययन	सामाजिक अध्ययन
भौतिकशास्त्र	गणित	भौतिकशास्त्र	Jurisprudence	बाल विकास र सिकाई
रसायन विज्ञान	होटल व्यवस्थापन	रसायनशास्त्र	Procedural Law	शिक्षा विकास र सिकाइ
जीव विज्ञान	कम्प्युटर विज्ञान	जियो टेक्निकल	Constitutional Law	ऐ. नेपाली
कम्प्युटर	लेखाशास्त्र	सर्भे		ऐ. अंग्रेजी
	वित्तशास्त्र	इस्टिमेट		ऐ. गणित
	बजारशास्त्र			
	अर्थशास्त्र	एप्लाइड मेकानिक्स		
	व्यावसायिक अध्ययन			

भर्ना फारम वितरण: २०८१ आषाढ १४ देखि
छात्रवृत्ति छनौट परीक्षा: २०८१ आषाढ २१ गते शुक्रबार बिहान ८:०० बजे
नतिजा प्रकाशन: २०८१ आषाढ २१ गते २:०० बजे
भर्ना प्रारम्भ: २०८१ आषाढ ११ गते २:३० बाट

हाम्रा विशेषताहरू
- लुम्बिनी प्रदेश नमुना विद्यालय
- विज्ञान समूह अध्ययन गर्ने समस्त छात्राहरूलाई लुम्बिनी प्रदेश सरकारबाट छात्रवृत्तिको व्यवस्था
- विद्यार्थी संख्याको आधारमा नेपालकै पाँचौं स्थानमा पर्न सफल
- शिक्षा तथा मानवस्रोत केन्द्र अनुसन्धान तथा गुणस्तर सुधार शाखाबाट असल अभ्यास साझेदारी कार्यक्रममा लुम्बिनी प्रदेशबाट छनौट हुन सफल
- विज्ञान संचालन भएको नेपालका ११० विद्यालयहरू मध्ये छनौट हुन सफल
- ब्रिटिश काउन्सिलबाट International School Award 2017-2020 / 2021-2024 प्राप्त
- कलेज रिडर्सद्वारा दुवईमा Best Community School Of Year 2022 प्राप्त
- राष्ट्रिय परीक्षा बोर्डद्वारा संचालित २०७८ को कक्षा १२ को बोर्ड परीक्षामा बुटवल उपमहानगरपालिकाबाट सर्वोत्कृष्ट भइ २ लाख नगद पुरस्कार प्राप्त गर्न सफल
- एग्रिकल्चर, सिभिल इन्जिनियरिङ, कृषि तथा वन विज्ञान अध्ययनरत संस्था, व्यवस्थापन, कानुन र शिक्षा तर्फ उत्कृष्ट रुपमा छात्रवृत्तिमा छनौट हुन सफल, स्टाफ नर्स र होटल प्रशिक्षकको व्यवस्था
- २०८० को एसईई परीक्षामा रुपन्देही जिल्लाकै उत्कृष्ट केन्द्र घोषित
- शिक्षक तथा राष्ट्र सेवकका सन्ततिलाई छात्रवृत्तिको व्यवस्था
- विद्यार्थी हकहितका लागि नवीन विद्यार्थी क्लब भएको
- होटल व्यवस्थापनमा पढ्दै कमाउदै कार्यक्रम (ODC) व्यवस्था भएको

विस्तृत जानकारीका लागि

प्रेम बहादुर बस्नेत
प्रधानाध्यापक एवं

नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय
देवीनगर, बुटवल – ११, सम्पर्क नं.०७१-४१०२१५, ४१०३४५, ९८४७०३९१६७८, ९८६७०४२४०९



सम्पादकीय

पत्रकार महासंघमा सदस्यता विवाद

नेपाली पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघको विवाद छताछुल्ल भएको छ। शुद्धिकरणको नाममा चुलिएको सदस्यता विवादले जेठ २६ गते तोकिएको चुनावको मिति सर्‍यो। असार २२ गते अर्को मिति तोकिए पनि आपसी विवाद नमिल्दा चुनाव हुन्छ भन्ने ग्यारेण्टी छैन।

नेपाल प्रेस यूनियनले सदस्यता विवाद टुंगो लगाएपछि चुनाव गर्नुपर्ने भन्दै तालाबन्दी गरेको छ। नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयसहित विभिन्न जिल्ला कार्यालयमा लगाइएको तालाबन्दीले विवाद चर्केको छ। यूनियनले पत्रकार महासंघमा लगाएको ताला अरु संगठनका पत्रकारले खोलेका छन्। सदस्यतालाई विवादरहित ढंगले टुंगो लगाउन नसक्नु पत्रकार महासंघको वर्तमान नेतृत्वको चरम असफलता हो। यही कमजोरीमा टेकेर प्रेस यूनियनले तोकिएको मितिमा चुनाव हुन नदिने रणनीति बनाएको छ। पहिले मनपरी गर्न पत्रकार महासंघको नेतृत्वलाई साथ दिने अहिले असहमति राख्ने यूनियनको चालबाजी बुझ्न कठिन छैन। सदस्यता शुद्धिकरणको विषय विधान सम्मत ढंगले गर्नुको साटो लहडका आधारमा अघि बढाइएपछि विवाद चुलिएको हो। आफ्ना जति क्रियाशिल, अरुका गैरपत्रकार ठान्ने प्रवृत्तिले कतिपय जिल्लामा क्रियाशिल र राम्रा पत्रकार सदस्यताबाट वञ्चित भएका छन्। जिल्ला–जिल्लामा सदस्यता शुद्धिकरण भन्दै गरिएको पूर्वाग्रह व्यवहारले विभाजनको रेखा कोरिएको छ। फरक विचार, आस्था र समूहमा रहेका उस्तै खालका व्यक्ति हटाइएका छन्, निकटहरुको सदस्यता कायमै राखिएको छ। अझै महासंघ प्रदेश र केन्द्रले जिल्लाबाट हटाउने सिफारिस भएका कतिपय व्यक्तिको सदस्यता कायमै राख्ने निर्णय गरेकाले विवाद भन्ने चुलिएको छ। शुद्धिकरणको विषय पारदर्शी ढंगले कार्यान्वयन गर्नुको साटो आग्रह र पूर्वाग्रह राखेर अघि बढाएर पत्रकार महासंघमा कहिल्यै नपुरिने विभाजन ल्याउन खोजिएको छ।

नेपाल पत्रकार महासंघमा सदस्यता शुद्धिकरण गर्नुपर्ने माग केही वर्षदेखि उठ्दै आएको विषय भए पनि पर्याप्त तयारी विना शुद्धिकरणलाई अघि बढाउनु कमजोरी थियो। सदस्यता वितरण गर्दै जाने तर पत्रकारिता छाड्दा समेत नविकरण गरे पत्रकार महासंघको सदस्य कायम रहने प्रवृत्ति गलत थियो। पत्रकारिता छाड्दा स्वतः सदस्यता त्याग्ने वा सदस्यता निष्कृय हुने व्यवस्था विधानमै गरेर अघि बढ्नुको विकल्प छैन। सदस्यता शुद्धिकरणको नाउमा भएको जालभेल र पूर्वाग्रहले अब नेपाल पत्रकार महासंघको विगतको शान, गौरव र गरिमा गिरेको छ। नेतृत्व कौशलमा चुक्दा संगठन अराजक भीडले निर्देश गर्ने बिन्दुमा पुगेको छ।

नेपाली पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघ नेपालको सशक्त संगठन हो। नेपालको लोकतान्त्रिक आन्दोलनमा यो संगठनले खेलेको भूमिकाले यसको ओज र शान अब्बल भएको हो। संगठनमा अराजकता बढ्दै जाँदा त्यो ओज र शानमा खिया लाग्न सक्छ। पत्रकार महासंघको ओजलाई जोगाउन महासंघका पूर्व अध्यक्षसहित अगुवाले विवाद मिलाएर चुनाव गराउने वातावरण तयार गर्न भूमिका खेल्नुपर्छ। वर्तमान नेतृत्व असफल भइसकेकोले यो नेतृत्वबाट अब धेरै अपेक्षा गर्नु उपयुक्त छैन।

विविधताले भरिएको असार

देवेन्द्र अर्याल 'आसु'

संस्कृतमा आषाढ महिना भनेर चिनिने असारलाई हामी ऋतुचक्र अनुसार तेस्रो महिनाका रुपमा लिन्छौं। असारको शाब्दिक अर्थ सार नभएको हुन्छ तर नेपाली लोकजीवनमा भने असारलाई सारयुक्त महिना मानिन्छ। त्यसैले हाम्रो जस्तो कृषिप्रधान

देशमा असारको निकै महत्व छ। असार सुनौलो भविष्य बोकेको महिना हो। असारमा रोपेर मङ्सिरमा अन्न भित्र्याउन पाइने भएका कारण यस महिनालाई विशेष मानिन्छ। आर्यइरानेली भाषामा असार शब्दले इरान देशको लोरेस्टान जिल्लाको एउटा कृषिप्रधान गाउँलाई पनि बुझाउँछ।

जब असार महिनासँगै मनसुन सुरु हुन्छ तब नेपाली ग्रामीण क्षेत्रमा कृषकहरु रोपाईं गर्न व्यस्त हुन्छन्। असारलाई मानो छरेर मुरी उमार्ने समयका रुपमा लिइन्छ। ऋतुचक्र अनुसार साउन भदौलाई वर्षा मानिए पनि असारलाई नै खेतीपाती र वर्षायाम मानिन्छ। असार महिनाभित्र अनेकौं विविधता पाइन्छन्। रोपाईं, बेठी, असारे गीत, असारे फूल, असार १५, दही चिउरा आदिको जीवन्त मिश्रण यस महिनामा नै पाउन सकिन्छ।

त्यस्तै, असार महिनाको १५ गतेलाई विशेष महत्वका रुपमा असार १५ भनेर धुमधामका साथ मनाइन्छ। यस दिन रोपाईं गरी दही चिउरा खाएर नाचगान गरी मनाउने चलन छ। असार १५ का दिन रोपाईं गर्दै हिलो खेल्ने र असारे गीत पनि गाउने गरिन्छ। असार पन्ध्रलाई स्थानीयस्तरमा मात्र होइन, राष्ट्रियस्तरमा नै धान दिवसका रुपमा मनाइन थालिएको छ। त्यस्तै, असार १५ दही चिउरा भन्ने लोकोक्ति लोकमा परापूर्वकालदेखि चलिआएको हो। आयुर्वेदमा दही सेवनलाई स्वास्थ्यको दृष्टिले उपयुक्त मानिन्छ। त्यस्तै ग्रामीण भेगमा दही चिउरा खाने चाडका रुपमा पनि यो दिन प्रचलित छ। दही चिउरा खानु स्वास्थ्यका दृष्टिले पनि ज्यादै महत्वपूर्ण रहेको छ। पाचनशक्ति बढाउन, कब्जियत हटाउन, छाला नरम पार्न, पेट सफा राख्न शीतलता प्रदान गर्न वा ताकत प्रदान गर्न दही सेवन गर्नु ज्यादै राम्रो मानिन्छ। त्यसैले असार पन्ध्रमा दही चिउरा सेवन गर्ने परम्परा परापूर्वकालदेखि चलिआएको हो।

असार मासमा खेत रोप्दा गाइने गीत नै असारे गीत हो। खेतका आलीमा बसेर खाजा खाँदै होस् वा घुम ओढेर बिउ रोप्दै मुक्त कण्ठबाट प्रवाहित हुने सुरिलो भाका नै असारे गीत हो। यस बेला लहरै आलीमा बसेर खाजा खाँदाको रौनक नै अर्कै देखिन्छ। त्यसो त असारमा हिलोसँग पौंठेजोरी खेल्दै छुपुछुपु धान रोप्ने खेतालाहरुको खाजा पनि खेतमै ल्याइदिने चलन छ। तराईतिर यसरी खेतमा खेतालालाई लगिदिएको खाजालाई जलखाई भनिन्छ। सामान्यतया जलखाईमा गहुँको पिठोको बाक्लो रोटी र अचार हुन्छ भने पहाडतिर अनीका रुपमा दही चिउरा, तरकारी वा दाल, भात, तरकारी, अचार दिइन्छ। दही चिउरा, केरा, आँपलगायत परिकारले यस दिनलाई अझ विशेष बनाउने भएकाले नै होला असार पन्ध्र लाई दही चिउरा खाने दिन पनि भनिन्छ। आफ्नै घरमा भएको दुहुनो गाई या भैंसीको दुध आफैंले जमाएको दही र आफ्नै घरको ढिकी वा ओखलमा कुटेको धानको चिउरा भए त अरु के नै चाहियो र ?

लोक जीवनमा असार मासमा मात्र गुञ्जने सुमधुर लोकभाका असारे गीतलाई पूर्वी नेपालमा रसिया भनिन्छ। काठमाडौं उपत्यकामा गाइने यस गीतलाई गण्डकी प्रदेशतिर काँठेभाका भनिन्छ। त्यस्तै, पूर्वी नेपालमा गुञ्जने असारे गीतमा विविध लय पाइन्छन्। असारमा मात्र गाइने यो गीत कर्मगीतको एउटा सुन्दर उदाहरण हो। रोपाईंको बेला यो गीत गाउँबस्तीतिर रनवन घनक्क घन्कने गरी गुञ्जन्छ। असारे गीत व्याकरणीय र सङ्गीत विज्ञानका आधारमा समेत ज्यादै खारिएको र उत्कृष्ट पाइन्छ। यसमा लोकजीवन र रीतिरिवाजसँगको सामीप्यका साथसाथै हास्य, करुण रसको सहज अनुभूति पनि पाउन सकिन्छ। असारे गीतमा वास्तवमै जीवन र जगतसँगै साइनो गाँसिएका कारण मिलन, बिछोड, प्रकृति वर्णन, व्यङ्ग्य आदिलाई पनि लयबद्ध रुपमा जीवन्तता दिइएको पाइन्छ। असारे गीतका भाकामा गीतका फाँकीहरु १६-१६ अक्षरका हुन्छन् र हरेक एक पाउका १० अक्षरमा विश्राम लिई लामो स्वरमा लेग्रो तानी गाइन्छ। नेपालको पुर्वी भेगमा प्रचलित असारे गीतको लय एकै प्रकारको देखिन्न। यो गीत गाउँदा अन्त्यमा अनुप्रास मिलेको हुनु पर्छ। लेग्रो तानेर गीतको पहिलो फाँको भिकेपछि बिचमा अनुप्रासका टुक्का मिलाई अन्तिम फाँको गीत भन्ने चलन छ।

न भित्र खोक्रो न बाहिर बोक्रो गुलियो कसार
पूर्वको ढोका खोलेर हेर्दा लागेछ असार।

असारे मासको दबदबे हिलो छि! मलाई घिनलाग्यो
पातलो नानीलाई फरिया किन्दा छ बिस रिन लाग्यो,
बेलौती काँचो, ख्याल हैन साँचो, छ बिस रिन लाग्यो।

सिरि पशुपति सिरि गुजेश्वरी, उही माथि आर्जेबाट
बालाजोबनको हातको माला सुक्यो कहिले होला भेटघाट
तेन्जिङ शेर्पा, हिमाल चढ्यो भन्छन्, कहिले होला भेटघाट।

असारे गीत भरीमा रुभेर वा हिलोमाथि खेलेर हली, बाउसे, रोपाहार जोसुकैले पनि सुरिलो भाकामा गाउँछन्। आपसमा रमाइलो गरी गीत गाउनु, हिलो खेल्नु रोपाईंको क्रममा देखिने रौनकता हो। असारे गीत नेपाली ग्रामीण जनजीवनमा परम्परागत रुपमा व्यवहृत हुँदै आएको भए पनि वर्तमान समयमा सङ्कटमा परेको छ। त्यसैले, यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो।

असार मासमा घर वरपर फुल्ने फूल नै असारे फूल हो, जुन फूल ग्रामीण क्षेत्रतिर बारीका डिलमा र शहरी क्षेत्रमा पनि पार्क र नर्सरीतिर फुलेका देख्न सक्छौं। असारे फूल यही बेला ढकमक्क फुल्ने गर्छ। असारमा मात्र फुल्ने भएका कारण यसलाई असारे भनिएको हो। जब यो फूल फुल्न थाल्छ तब असार मास शुभारम्भ भएको प्रतीत हुन्छ। रोपाईंको अवसरमा रोपारहरुको निधारमा रातो टीका र चुल्ठोमा असारे फूल सिउरिएको देखिन्छ।

हाम्रो जस्तो कृषिप्रधान देशमा कृषिलाई आधुनिकीकरण गर्न नसकेका कारण खाद्यान्न आयात न्यूनीकरण हुन सकेको छैन। उक्त आयात न्यूनीकरणका लागि अब कृषिलाई उच्च प्राथमिकता दिएर नीति निर्माण गर्नुपर्ने देखिन्छ। त्यस्तै, नेपालको कुल धानखेती हुने करिब २१ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाइ सुविधा उपलब्ध भएको छ, जसका कारण धान उत्पादनमा समेत ह्रास आएको देखिन्छ। पर्याप्त पानी परेन भने झन् कृषकलाई असार खल्लो बन्न पुग्छ। पर्याप्त पानी भएमा रोपाईं गर्दाको मज्जा नै अर्कै हुन्छ। नेपाल जस्तो जलस्रोतको धनी देशमा पनि असारमा खेत रोप्न ज्यादै सास्ती भएको पाइन्छ। सिँचाइको राम्रो प्रबन्ध हुन नसक्दा कृषिप्रधान र जलस्रोतको धनी देशले अझै पनि खाद्यान्न आयात गर्नु परेको छ र आकाशे खेतीमा भर पर्नु परेको छ। हाम्रो श्रमशक्ति खेर गइरहेको अवस्था छ। त्यसको समुचित उपयोग गर्न राज्यले विशेष कार्यक्रम ल्याउनुपर्ने देखिन्छ। यदि सिँचाइको व्यवस्था गर्ने हो भने पक्कै पनि खाद्यान्नका लागि अरुको मुख ताक्नु पर्दैन। असार १५ मा स्वदेश, विदेश जता भए पनि नेपालीले दही चिउरा खाने गर्छन्। यस दिनले अप्रत्यक्ष रुपमा दही चिउरासँगै कृषिकर्ममा हाम्रो आत्मनिर्भरता र माटो खोस्रने साहसको माग गरेको प्रतीत हुन्छ। कृषि अब जीवन धान्ने परिपाटीको होइन, व्यावसायिक बन्नु पर्छ।

नेपाली माटोमा परम्परादेखि खेती हुँदै आएका धानका जातमा मन्सुली, मार्सी, बासमती, जैथा, बगाडी आदि छन्। यीबाहेक पछिल्लो समयमा आएर धुप्रै नयाँ जातका धानका बिउ पनि खेती हुन थालेका छन्। त्यसैले, रैथाने जातका बिउको संरक्षण गर्दै उत्पादनमा वृद्धि गर्नेतर्फ कृषक पनि सचेत हुनु पर्छ। हामी चामल आयात होइन, निर्यात गर्ने उच्चकोटीको देश भनेर चिनिनु पर्छ। कामको खोजीमा युवा बिदेसिनु परिरहेको वर्तमान परिप्रेक्ष्यमा कृषिलाई राज्यले प्रमुख प्राथमिकता दिनु पर्छ। अनि स्वदेशमा नै रोजगारी सिर्जना हुन्छ र बिदेसिने युवाको दर पनि न्यून हुन पुग्छ। यदि दिनहुँ बिदेसिने युवालाई सिपमूलक तालिम दिएर कृषि पेसामा आकर्षित गर्न सकिएमा बिदेसिने युवाको दर न्यून गर्न सकिन्छ। परनिर्भरता पनि केही हदसम्म कम गर्न सकिन्छ। खेतबारी बाँझै छन्। कृषि उपजमा हामी आयातमा भर पर्नु परेको छ, जसका कारण असार अझै लोकजीवनमा ठूलो चाड बन्न सकेको छैन। हाम्रा उर्वर भूमि दिनप्रतिदिन बाँझो हुँदैछन्। स्वदेशी श्रम र सीप विदेशमा पोखिने क्रमलाई अन्त्य गर्दै युवालाई परिचालन गरी स्वदेशमा नै उनीहरुको श्रम र सिपलाई व्यवस्थापन गर्न सक्नु पर्छ। कृषिमा युवा सहभागिता बढाएर कृषिप्रधान देशको अर्थ सान्दर्भिक बनाउन सकिन्छ।

त्यसो त वैदिक कालदेखि नै असार महिनाको विशेष महत्व रहेको पाइन्छ। असारको सामाजिक, सांस्कृतिक, जैविक, प्राकृतिक एवं आर्थिक महत्व मात्र नभई साहित्यिक महत्व पनि उत्तिकै रहेको पाइन्छ। आषाढस्य प्रथम दिवशे भनेर मेघदूत काव्यमा कालिदासले आषाढको वर्णन गरेको पाइन्छ, भने यसलाई आधार बनाएर विभिन्न कविता, गीत आदि साहित्य रचना गर्ने काम पनि भएको पाइन्छ। गोपवाट

वर्षायाममा सताउने पानीजन्य रोगहरु र जोगिने उपाय

वर्षायाम सुरु भएको छ। पानी परिरहने, पानी जम्मा हुने र पानी दुषित हुने भएकाले यस्तो बेला विभिन्न सरुवा रोगको जोखिम हुन्छ।

वर्षातको समयसँगै धेरै ठाउँहरुमा डुवान, बाढी तथा पहिरोले गर्दा पानीको स्रोतहरु दुषित हुन्छन्। दुषित पानीका कारण हैजा, झाडापखाला, टाइफाइड, हेपाटाइटिस 'ए', हेपाटाइटिस 'ई' लगायतका सरुवा रोगको संक्रमण बढ्न सक्छ। त्यसैगरी आँखा पाक्ने समस्या, छाला सम्बन्धी विभिन्न समस्या र किटजन्य रोग लाग्छन्। जुन मुख्यगरी निम्नानुसार छन् :

दुषित पानीका कारण लाग्ने रोगहरु:

(क) दुषित पानी खाएर हुने रोगहरु। जस्तैः हैजा, झाडा पखाला, आउँ, जुका, कमलपित्त, टाइफाइड।

(ख) नुहाउन, धुनको लागि फोहर पानी प्रयोग गर्दा लाग्ने रोगहरु। जस्तैः लुतो, दाद, घाउ खटिरा जस्ता छाला सम्बन्धी रोगहरु र टुकोमा।

(ग) खेर गएको पानी, फोहर पानीको उचित विसर्जन नगर्दा त्यस्तो पानीमा लामखुट्टे, भुसुनाहरु हुर्कन्छन् र तिनीहरुले रोगहरु सार्छन्। जस्तैः औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाइटिस।

१ आँखा पाक्ने तथा टुकोमा

खस्रे रोग एक प्रकारको आँखा पाक्ने रोग हो। यस रोगलाई टुकोमा भनिन्छ।

यो रोग किटाणुहरुको कारणले लाग्छ र यो रोगका किटाणुहरु फोहरमा हुन्छन्।

यो रोग प्रायः गरेर स-साना बालबालिकालाई लाग्छ र यस रोगले अन्धो पनि बनाउन सक्छ।

यो रोग लाग्नुको मुख्य कारण : हात मुख धुन पर्याप्त पानी नभएर वा हात मुख धुने पानी सफा नभएर वा हात मुख धुने बानी नभएर लाग्छ।

यो रोगका किटाणुहरु रोगीको आँखाबाट निस्कने चिप्रामा प्रशस्त हुन्छन्।

रोगीको आँखाबाट निस्कने चिप्राबाट यो रोग सर्छ र मुख्य माध्यम भनेको झिंगा नै हो।

यो रोग हातबाट सर्न सक्छ र कपडाको माध्यमबाट पनि सर्न सक्छ।

एकै ठाउँका धेरै मानिसहरुलाई छोटो समयमा यो रोग लाग्न सक्छ र केही दिनमा नै महामारीको रुप लिनसक्छ।

लक्षणहरु

खस्रे रोग लाग्यो भने यी लक्षणहरु देखा पर्छन् :

आँखा दुख्छ, बिझाउँछ।

आँखा रातो हुन्छ, चिलाउँछ।

आँखाको डिल सुनिन्छ।

आँखाबाट चिप्रा आइरहन्छ।

यो रोग धेरै पटक भयोभने आँखाको परेला भित्र फर्किन्छ।

भित्र फर्केको परेलाले आँखाको नानीलाई बारम्बार घोच्छ र नानी बिग्रिएर अन्धो गराउँछ।

रोकथाम र बचावट

सधैं चर्पीमा नै दिशा पिसाब गर्ने बानी बसाल्ने र चर्पी पनि सफा राख्ने।

गाईवस्तुको मल-मुत्र खाडलमा जम्मागरी राख्ने।

भान्साबाट निस्कने फोहर पानीलाई व्यवस्थित तरिकाले विसर्जन गर्ने।

घर वरिपरि पानी जम्ने खाडल छ भने पुरिदिने।

दिनको २-३ पटक आँखा - मुख धुने।

हात मुख धुँदा नाकको सिँगान पनि राम्ररी सफा गर्ने।

आँखाको चिप्रा र नाकको सिँगान जहाँ पायो त्यहाँ नपुछ्ने।

खस्रे रोग लागेको रोगीले प्रयोग गरेका कपडा साबुन पानीले धोएर घाममा सुकाउने।

खस्रेरोग लागेमा स्वास्थ्य संस्थामा गएर उपचार गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरै अवधिसम्म आँखामा औषधि लगाउने।

२. लुतो, दाद र खटिरा

लुतो, दाद, घाउ खटिरा जस्ता छाला सम्बन्धी रोगहरु सरुवा रोग हुन्।

छाला सम्बन्धी यी सबै रोगहरु किटाणुले हुन्छ।

यी रोगका किटाणुहरु रोगीको शरीरमा रोगीले लगाएका कपडाहरुमा, फोहरमा, पानीमा हुन्छन्।

फोहर पानीले नुहाएमा, हात मुख धोएमा कपडा धोएमा छालासम्बन्धी रोगहरु सर्छन्।

रोगीसँग बस्ने, सुत्ने, खेल्ने गर्दा पनि यी रोगहरु सर्छन्।

रोगीले प्रयोग गरेका कपडा प्रयोग गरेमा पनि यी रोगहरु सर्छन्।

छाला सम्बन्धी रोगहरुले मानिसलाई धेरै नै सताएको हुन्छ तर धेरैजसो कसैलाई भन्न चाँहदैनन्।

रोकथाम तथा बचावट

व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने।

सफा पानीले मात्र नुहाउने।

हात मुख धुँदा, कपडा धुँदा सफा पानी प्रयोग गर्ने।

पानीको मुहान सुरक्षित राख्ने।

छालाको रोग लागेका व्यक्तिसँग सँगै नबस्ने, नसुत्ने, नखेल्ने।

छालासम्बन्धी रोगीले प्रयोग गरेका कपडा साबुन वा खरानी पानीले धोएर घाममा सुकाएपछि मात्र प्रयोग गर्नु।

छालासम्बन्धी रोग लागेका व्यक्तिले अस्पताल वा अन्य स्वास्थ्य संस्थामा गएर उपचार गराउने।

३. किटजन्य रोग

डेंगु, औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरु लामखुट्टे, भुसुनाले सार्छन्।

यी रोगहरुलाई किटजन्य रोगहरु भनिन्छ। यी रोगहरु किटाणुबाट नै लाग्छ

रोगीलाई टोकेर आएका लामखुट्टे, भुसुनाले आफ्नो शरीरमा ती रोगका किटाणुहरु बोकेर ल्याएका हुन्छन् र ती लामखुट्टे, भुसुनाले अर्को मानिसलाई टोक्दा यो रोग सर्छ।

यी रोगहरु सार्ने लामखुट्टे, भुसुना फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्छन्, हुर्कन्छन्।

औलो, कालाजार, इन्सेफलाइटिस रोगबाट मानिसको मृत्यु हुन्छ भने हात्तीपाइले रोगले मानिसलाई दीर्घ रोगी बनाउँछ।

रोकथाम र बचावट

औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरुबाट बच्नको लागि लामखुट्टे, भुसुनाको टोकाइबाट बच्नुपर्छ। यसको लागि लामो बाहुला भएको कपडा लगाउने।

घर बाहिर नसुत्ने।

लमखुट्टे, भुसुना हुने समुदायमा कुल भित्र सुत्ने बानी बसाल्ने।

सम्भव भएसम्म घरको झ्याल, ढोकामा जाली लगाउने।

लामखुट्टे, भुसुनाहरु फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्ने, हुर्कने भएकोले गाउँ टोल, घर वरिपरि त्यस्तो ठाउँहरु हुन नदिने। यसको लागि :

घर वरिपरि सधैं सफा राख्ने, पानी जम्ने खाडलहरु भए त्यसलाई पुरिदिने।

झारपात, झाडी भएमा त्यसलाई हटाउने, फाँड्ने।

वस्तुभाउको गोठ घरभन्दा केही टाढा राख्ने र मल मुत्र खाडलमा जम्मा गरेर मल बनाउने।

सकेसम्म सुँगुर, बँगुर जस्ता फोहर गर्ने जीवजन्तु नपाल्ने, आर्थिकोपार्जनका लागि पाल्नुपर्ने भएमा घरभन्दा टाढा व्यवस्थितरुपमा पाल्ने।

रोग लागेको शंका लागेमा नजिकैको अस्पताल वा अरु स्वास्थ्य संस्थामा गएर जाँच गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पुरा अवधिसम्म औषधि सेवन गर्ने। स्वास्थ्यखबरबाट

रोटरी बुटवल चौतारीको अध्यक्षमा पौडेल

बुटवल। रोटरी क्लब अफ बुटवल चौतारीको छैठौं पदस्थापन कार्यक्रम शनिबार बुटवलमा सम्पन्न भएको छ। पदस्थापन कार्यक्रममा वर्ष ०२३/०२४ का अध्यक्ष दिनेशमणि सुवेदीले वर्ष २०२४/२५ का अध्यक्ष नुनलाल पौडेल (नुमेन्द्र) लाई पद हस्तान्तरण गरे।

पद हस्तान्तरण कार्यक्रमको उद्घाटन गर्दै रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ का पूर्व डिष्ट्रिक गभर्नर राजीव पोखरेलले रोटरी क्लबहरु समाज परिवर्तनको संवाहक रहेको भन्दै स्वार्थरहितको सामाजिक सेवामा लाग्न सके मात्रै रोटरीको गरिमा र प्रतिष्ठा माथि उठ्ने बताए। उनले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा जनचेतनामूलक कार्यक्रमहरुलाई प्राथमिकतामा राखेर काम गर्न नवनिर्वाचित अध्यक्ष पौडेललाई आग्रह गरे। आफ्नो व्यस्तताका बीच समाजसेवाका लागि समय निकालेर अघि बढ्नु नै रोटरीयनहरुको धर्म र कर्तव्य रहेको भन्दै उनले स्वार्थरहितको समजसेवाका लागि विश्वप्रसिद्ध समाजसेवी महिला मदर टेरेसाबाट सिक्न पनि आग्रह गरे। कार्यक्रममा बोल्दै शीतगंगा नगरपालिका अर्घाखाँचीका नगरप्रमुख छविलाल पौडेलले रोटरी क्लब अफ बुटवलले विगतदेखि गर्दै आएको कामको प्रशंसा गर्दै अबको नेतृत्वले थप रचनात्मक र प्रभावकारी काम गर्ने विश्वास व्यक्त गरे।

नवनिर्वाचित अध्यक्ष नुनलाल पौडेलले अबको एक वर्षमा क्लबको आफ्नै भवन निर्माण सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दै शीतगंगा नगरपालिका वडा नम्बर ६ र ७ लाई समेटेर एम्बुलेन्स सहयोग गर्ने योजना बनाएको जानकारी दिँदै यसका लागि ६ नम्बर वडाका वडाध्यक्ष ऋषिबहादुर रेश्मीसँग सम्झौता भइसकेको बताए। यसका अलावा स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा थप रचनात्मक काम गरी क्लबलाई सक्रिय बनाइराख्ने उनले अठोट व्यक्त गरे।

कार्यक्रममा निवर्तमान अध्यक्ष दिनेशमणि सुवेदीले एक वर्ष भित्र क्लबले गरेका सामाजिक एवं रचनात्मक कार्यको बारेमा जानकारी गराएका थिए। यसैगरी आफ्नो कार्यकालमा साथ सहयोग गरी सफल बनाउन लाग्ने रोटरीयनहरुलाई उनले धन्यवाद व्यक्त गरे।

कार्यक्रममा क्लबका एजी कृष्ण रावल, कोठिया ग्रुप अर्गनाइजेशनका अध्यक्ष ताराचन्द्र कोठीया, क्लबका सल्लाहकार राजेन्द्र ढकाल, चेम्बर अफ कमर्श लुम्बिनी प्रदेशका महासचिव जेपी कंडेल, क्लबका संस्थापक अध्यक्ष विष्णु घिमिरे, प्रेसिडेन्ट इलेक्ट डोलराज अधिकारी (राजु), स्वाइन्ट सर्जन एट आर्म्स श्रीकान्त सुवेदीलगायतले पनि मन्तव्य व्यक्त गरेका थिए।

क्लबको वर्ष २०२४/२५ को सचिवमा खगेन्द्र बेलवासे, कोषाध्यक्षमा विष्णु कंडेल, निवर्तमान अध्यक्षमा दिनेशमणि सुवेदी, प्रेसिडेन्ट इलेक्टमा डोलराज अधिकारी (राजु), प्रेसिडेन्ट नोमिनीमा कपिल पोखरेल, क्लब एडमिनस्ट्रेटिभ चेअरमा कृष्णप्रसाद पाण्डे, मेम्बरसिप चेअरमा युवराज न्यौपाने, पब्लिक इमेज चेअरमा माधव कंडेल, सर्भिस प्रोजेक्ट चेअरमा विष्णु भट्टराई, द रोटरी फाउन्डेशन चेअरमा विष्णु पौडेल, युथ सर्भिस चेअरमा केशव पौडेल रहेका छन्। त्यस्तै सम्पादकमा भिम पौडेल, स्वाइन्ट सर्जन एट आर्म्समा श्रीकान्त सुवेदी, सहसचिवमा केशव भुसाल, सह-कोषाध्यक्षमा ज्योति पौडेल, प्रेसिडेन्ट एडभाइजरमा विष्णु घिमिरे, सर्जन एट आर्म्समा अंकित क्षेत्री, क्लब एडभाइजरमा राजेन्द्र ढकाल र पाष्ट प्रेसिडेन्टमा सन्तोष केसी रहेका छन्।

कार्यक्रमका अवसरमा क्लबका सहयोग गर्ने विभिन्न व्यक्तिहरुलाई सम्मानपत्रबाट सम्मान गरिएको थियो।

होटल तथा रेष्टुरेण्ट व्यवसायीले मनाए २८औं स्थापना दिवस

बुटवल। होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीको २८औं स्थापना दिवसको अवसरमा सम्मान कार्यक्रम सम्पन्न गरेको छ। स्थापना दिवसको अवसरमा तीन दिने गतिविधि गर्दै संस्थापक एवं पूर्व अध्यक्षहरुलाई सम्मान समेत गरिएको हो। कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले यस क्षेत्रका होटल व्यवसायीहरु टिकिरहने अवस्था निकै जटिल रहेको बताए। उनले निकै गाह्रो अवस्थाबाट होटल व्यवसायीहरु रहेको उल्लेख गर्दै आवश्यक समन्वयको लागि बुटवल उप-महानगर तयार रहेको बताए। उनले होटल व्यवसायी क्षेत्र चलायमान बनाउनको लागि रात्रिकालिन बजारको लागि पहल भएको बताउँदै हाइमास्ट लाइट तथा स्ट्रिट लाइटको व्यवस्थापन गरिएको उल्लेख गरे।

संघका अध्यक्ष लेखनाथ भण्डारीले होटल व्यवसायमा पछिल्लो समय निकै चुनौति रहेको बताउँदै संघका व्यवसायीलाई टिकाइराख्न समस्या भइरहेको बताए। कार्यक्रममा संस्थापक केन्द्रीय अध्यक्ष माधव नेपालले होटल क्षेत्रको पहिलेको अवस्था र अहिलेको अवस्थाको बारेमा स्पष्ट पारेका थिए।

निवर्तमान अध्यक्ष रामप्रसाद गौतमले यहाँका पर्यटकीय क्षेत्रको प्रचारप्रचार गर्न आवश्यक रहेको बताए। पूर्व अध्यक्ष महेन्द्र श्रेष्ठले आर्थिक मन्दीमा समेत भाडामा छुट दिनेलाई हरेक संघसंस्थाले सम्मान गर्नुपर्ने उल्लेख गरे। संघका वरिष्ठ उपाध्यक्ष माधवकुमार खनालले कार्यक्रममा संस्थापकहरु, पूर्व अध्यक्ष र घर भाडा छुट दिनेलाई सम्मान गरेको बताए। उनले पर्यटन क्षेत्र उजार गर्न बाँकी रहेको बताउँदै भारतीय पर्यटक नेपाल ल्याउनुपर्ने जनाए। स्थापना दिवसको अवसरमा तीन दिने कार्यक्रमअन्तरगत पहिलो दिन रक्तदान, दोस्रो दिन सरसफाइ एवं तेस्रो दिन सम्मान कार्यक्रम गरिएको महासचिव अर्जुन थापाले जानकारी दिए।

मुख्यमन्त्री महराले गृह जिल्ला रोल्पामा धान रोपे

बुटवल। लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले आफ्नो गृह जिल्ला रोल्पाको सुनिल स्मृति गाउँपालिका वडा नम्बर ५ काभ्रामा पुगेर २१औं राष्ट्रिय धान दिवस मनाएका छन्। 'जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि' भन्ने नाराका साथ २१औं राष्ट्रिय धान दिवसलाई व्यवहारमा लागू गर्नका लागि रोल्पाबाट प्रदेशवासीलाई सन्देश दिएको उनको सचिवालयले जनाएको छ।

रोल्पाका कृषकहरुसँग खेतमा धान रोपाइ गरी मुख्यमन्त्री महराले १५ असारलाई कृषि क्षेत्रको विशेष दिनका रुपमा मनाएका हुन्।

'जनआकाक्षा पुरा गर्ने हाम्रो संकल्प : दिगो विकास र सुशासन मात्र विकल्प' भन्ने लुम्बिनी प्रदेश सरकारको नारालाई साकार पार्नका लागि कृषकहरुसँग हातेमालो गरेर सरकार अगाडि बढ्ने जमर्को गरेको उनले बताए।

दिनभरजसो स्थानीय कृषकहरुसँग खेतमा रोपाइ तथा खनजोत गरी मुख्यमन्त्री महराले राष्ट्रिय धान दिवसलाई मन्तव्यविहीन र भाषणविहीन बनाएका हुन्।

उनले कृषि क्षेत्रलाई संस्थागत रुपमा अगाडि बढाउन नीतिगत रुपमा र व्यवहारमा कार्यान्वयन गर्न जरुरी भएकाले भाषण तथा वक्तव्यबाजी नगरी कार्यक्षेत्रमा खटिएर सबैले काम गर्नुपर्ने बताए।

धानको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र कृषि क्षेत्रको विस्तारमा लुम्बिनी प्रदेश सरकारले ध्यान दिएको मुख्यमन्त्री महराको भनाइ रहेको छ।

जलवायु अनुकूलित प्रविधिहरुको प्रसार, जैविक विविधताको उपयोग गरी पोषणयुक्त धानका उच्च उत्पादन दिने जातहरुको विकास तथा उत्पादनमा कृषकमैत्री प्रविधिहरुको प्रयोगमार्फत् धान बालीको उत्पादन बढाउने रणनीतिमा कृषकहरु लाग्नुपर्ने उनले सुझाव दिए।

धानबालीमा जलवायुमैत्री प्रविधिहरुको अवलम्बन गराइ उत्पादनमा वृद्धि गरी धान चामलको आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउनमा सरकार र कृषकहरुले सहकार्य गर्नुपर्ने मुख्यमन्त्री महरा बताउँछन्।

रोल्पाको सुनिलस्मृति गाउँपालिका वडा नम्बर ५ काभ्रामा भएको २१औं राष्ट्रिय धान दिवस तथा रोपाईं कार्यक्रममा सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष मनिराम बुढाथोकी, पूर्वअध्यक्ष गुणेन्द्र घर्ती र पूर्वउपाध्यक्ष बागमती क्षत्रिनी, वडाध्यक्षहरु, वडासदस्यहरु, स्थानीय कृषकहरु र स्थानीयहरु सहभागी थिए।

सहभागी सबैले धानबालीको उत्पादन र उत्पादकत्व वृद्धिमार्फत् समृद्ध अर्थतन्त्र निर्माणमा हामी सबैको ठोस योगदान गर्नुपर्ने भन्दै खेतमा घनजोत तथा रोपाईं गरेर कार्यक्रम समाप्त गरिएको थियो।

बुटवल उद्योग वाणिज्य संघमा दही चिउरा कार्यक्रम

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीमा पनि दही चिउरा कार्यक्रम गरिएको छ। संघमा गठित डेरी वस्तुगत समितिले दही चिउरा खाने दिनको पूर्वसन्ध्यामा शुक्रबार दही चिउरा कार्यक्रम गरेको हो। कार्यक्रममा बोल्दै संघका अध्यक्ष हरिप्रसाद अर्यालले नेपालमा मनाइने सबै मेला पर्व तथा रीतिरिवाज र संस्कृतिको आफ्नै विशेषता र महत्व रहेको बताए। उनले दही चिउरा खाने दिनको पनि आफ्नै विशेषता र महत्व रहेको बताउँदै दही चिउराले शरिरलाई सितलता र शक्ति प्रदान गर्ने भएकाले यसको महत्व भिन्नै रहेको भनाइ राखे।

त्यस्तै संघका वाणिज्य उपाध्यक्ष विमलराज भट्टराईले कृषि प्रधान देशमा अर्बौंको कृषि उत्पादन आयात हुनु दुर्भाग्य रहेको बताउँदै कृषिको व्यवसायिक र वैज्ञानिकिकरणमा जोड दिए। उनले कृषि प्रधान देशमा कृषिको व्यवसायिक विकास गरी कृषिजन्य वस्तुको आयात प्रतिस्थापन र निर्यातको योजना बनाएर सोही अनुसार काम गर्नुपर्नेमा जोड दिए।

डेरी वस्तुगत समितिका सभापति कृष्णप्रसाद उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा संघका कार्यसमिति सदस्य तथा डेरी वस्तुगत समितिका समन्वयकर्ता दीपकप्रसाद चापागाईं, वस्तुगत समितिका उपसभापति जीवलाल न्यौपाने, सचिव यामप्रसाद शर्मालगायतले दही चिउरा खाने दिनको विशेषता र महत्वमाथि प्रकाश पारेका थिए। कार्यक्रममा संघका उद्योग उपाध्यक्ष सुरज भट्टराई, कोषाध्यक्ष वसन्तप्रसाद ढकाल, वस्तुगत समितिका पूर्वसभापतिहरु, सदस्यहरुको सहभागिता रहेको थियो। प्रत्येक वर्ष धान दिवस असार १५ गते रोपाईं गरी दही चिउरा खाएर मनाइन्छ। धान दिवसमा पनि रोपाईं गरिएको छ। त्यस्तै दही चिउरा खाइएको छ।

मानो रोपेर मुरी फलाउनको लागि जताततै रोपाईं गरिएको छ। तीनै तहका सरकारले विशेष रुपमा धान दिवस मनाएका छन्।

वि.सं २०६१ मंसिर २९ गते मन्त्रिस्तरीय निर्णय गरी २०६२ असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो। असार १५ लाई नेपाली समाजमा दही चिउरा खाने पर्वका रुपमा पनि लिइन्छ। खेतीपातीबाहेक अन्य पेसा र व्यवसायमा लागेका नेपालीले पनि शनिबार दही चिउरा खाई असार १५ मनाएका छन्।

मध्य गर्मीको यो समयमा युवा, युवती, रोपाहारले खेतका गराको हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गरेका छन्। कामको चटारोले थकित भएका किसानले शक्तिप्राप्तिका लागि दही चिउरा खाने प्रचलन छ। दही चिउराले शरीरमा शीतलता प्रदान गर्ने र काममा व्यस्त भएका किसानलाई दही चिउराले शक्ति प्रदान गर्ने विश्वास गरिन्छ।

छैठौ मेयर कपको उपाधि सुमित पुन र नरसिंह बुढाको जोडीलाई

बुटवल। तिलोत्तमा नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित छैठौ तिलोत्तमा मेयर कप खुल्ला पुरुष ब्याडमिन्टनको उपाधि सुमित पुन र नरसिंह बुढाको जोडीले कब्जा गरेको हो। तिलोत्तमा ब्याडमिन्टन क्लबका थमन सारु र अभय गुरुङको जोडीलाई १७ र ९ अंकमा सीमित गरी सोझो सेटमा पराजित गरेका थिए। योसँगै पुनको जोडीले उपाधि चुमेको थियो भने लुम्बिनी स्पोर्टस् क्लबका अनिस थापा र छिल्ली रानाको जोडी तथा मधौलिया ब्याडमिन्टन क्लबका विष्णु थापा र अनिल चौधरीको जोडीले तेस्रो स्थानमा चित्त बुझाएका थिए। विजेता तथा उपविजेता खेलाडीले प्रथम ३५ हजार नगदसहित कप, मेडल, प्रमाणपत्र, द्वितियले नगद २५ हजार कप मेडल र प्रमाणपत्र तथा तृतीय दुवै टिमले नगद १५/१५ हजार तथा कप मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

सो कार्यक्रममा विजेता तथा उपविजेता खेलाडीलाई पुरस्कार प्रदान गर्दै तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँणले तिलोत्तमा नगरपालिकाले खेलाडी उत्पादनको क्षेत्रमा काम गर्दै आएको बताउँदै कुसल भुर्तेल जस्ता अन्तराष्ट्रिय क्रिकेट खेलाडी पनि तिलोत्तमाको गौरव गर्ने खेलाडी भएको बताए। उनले ब्याडमिन्टन खेलमा पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा नेपाल तथा तिलोत्तमालाई चिनाउन पहल गर्नुपर्नेमा जोड दिए।

तिलोत्तमाले खेलको विकास गरी खेल पर्यटनको हब बनाउने प्रयास समेत रहेको उनले बताए। कार्यक्रममा नगरपालिकाका खेल संयोजक लोक पुन, वडा नं. ६ का अध्यक्ष गणेश पाठक, तथा तिलोत्तमा ब्याडमिन्टन क्लबका अध्यक्ष गोविन्द भुषालले खेलको विकासमा थप सहयोग गर्न नगरपालिकालाई अनुरोध गरे।

खेलमा उत्कृष्ट खेलाडीको उपाधिमा सुमित पुन घोषित भए। त्यस्तै अनुशासित खेलाडीमा सुरज गुरुङ, उदीयमान खेलाडी डेनिस थापा तथा जेष्ठ सहभागितामा विश्व पाठकलाई पुरस्कार प्रदान गरिएको खेल संयोजक पदम थापाले जानकारी दिए। खेल सञ्चालनमा प्रमुख रेफ्री जीवन थापा र रेफ्रीहरुमा रमेश रेग्मी र सुदीप कंडेलले सहजीकरण गरेका थिए। तिलोत्तमा मेयर कप ब्याडमिन्टन प्रतियोगिता हरेक वर्ष हुँदै आएको छ। खेल तिलोत्तमा ब्याडमिन्टन क्लबको कभर्ड हलमा सम्पन्न भएको हो।

बुटवल सुनचाँदी व्यवसायी संघ
बुटवल, रुपन्देही

मिति: २०८१/०२/१६ को

सुनचाँदीको बजारभाउ

छापा सुन प्रति तोला :	१,४२,३००
तेजाबी सुन प्रति तोला :	१,४१,६००
चाँदी प्रति तोला	:१,८२०

लुम्बिनीमा...

गुल्मीमा ७ हजार ९८८ हेक्टर क्षेत्रफलमा धान रोपाईं हुन्छ भने अहिलेसम्म ८७९ हेक्टर क्षेत्रफलमा मात्रै रोपाईं सकिएको छ।

पाल्पामा ७ सय ४२ हेक्टर क्षेत्रफल अर्थात् ९ प्रतिशत रोपाईं सकिएको छ। पाल्पामा यसवर्ष ८ हजार २४० हेक्टर क्षेत्रफलमा रोपाईं हुने निर्देशनालयका कृषि अर्थ विज्ञ पौडेलले जनाए। अर्घाखाँचीमा २२ प्रतिशत रोपाईं भएको छ। रोल्पामा ३ हजार ४४६ हेक्टर क्षेत्रफलमा रोपाईं हुँदा अर्घाखाँचीमा १ हजार ६९४ हेक्टर क्षेत्रफलमा रोपाईं सकिएको निर्देशनालयले जनाएको छ।

यस्तै रुकुम पूर्वमा धान रोपाईं हुने ९६२ हेक्टर क्षेत्रफलमध्ये १०६ हेक्टर क्षेत्रफलमा धान रोपाईं सम्पन्न भएको छ।

सिंचाइ गर्न पानी नहुनु मुख्य कारण

सिंचाइको अभाव र आकाशको पानीमा निर्भर हुँदा कम मात्रामा धान रोपाईं भएको मन्त्रालयका सूचना अधिकारी युवराज ढकालले बताए। 'सिंचाइको क्षेत्र बढाउन नसक्दा र आकाशे पानीमा नै निर्भर हुनुपर्ने अवस्था छ। यो वर्ष पानी पर्न केही ढिला भयो। यसको असर रोपाईंमा पर्यो।'–उनले भने।

साथै यो वर्ष धान रोपाईंका लागि आवश्यक पर्ने मल गत वर्षको तुलनामा धेरै नै स्टक रहेकाले मलको अभाव नहुने प्रवक्ता ढकालले दावी गरे। 'यो वर्ष लुम्बिनी प्रदेशमा मलको स्टक गत वर्षको तुलनामा धेरै नै छ। यसकारणले यो वर्ष जस्तो मलको अभाव हुँदैन।'– मन्त्रालयका प्रवक्ता ढकालले भने।

लुम्बिनी प्रदेशमा कृषि पेशामा कुल घरपरिवारमध्ये ६७ प्रतिशत आवद्ध छन्। जबकी नेपाल भर ६२ प्रतिशत घरपरिवार कृषि कार्यमा आवद्ध रहेका छन्।

तर, लुम्बिनी प्रदेशमा कृषि पेशामा आवद्ध रहेका घर परिवारहरुमध्ये ५१ प्रतिशत घरपरिवारलाई वर्षभरि खान पुग्दैन। राष्ट्रिय तथ्यांक कार्यालयको पछिल्लो तथ्यांकअनुसार लुम्बिनी प्रदेशमा कृषि पेशा गर्नेमध्ये ४९ प्रतिशतलाई मात्रै वर्षभरि खान पुग्छ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमा सेफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६१७८९२७५, ९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्लु रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल सर्वत्र
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

पाल्पामा खेतमै रोपाइँ महोत्सव

कृष्ण पोखरेल

पाल्पा

यस वर्षको असार १५ पाल्पाका किसानहरूलाई भने जस्तै भयो । शुक्रबार रातिदेखि नै परेको पानीले असार १५ मा झम झम झरी नै लाग्यो । पाल्पाका सबैजसो किसानहरू पानी परेसँगै फाँटहरूमा निकै व्यस्त देखिए । किसानहरू खेतमा काम गरिरहेको समयमा पाल्पाका जनप्रतिनिधि तथा सरकारी कर्मचारीहरू २१औं राष्ट्रिय धान दिवस मनाउन, बाजा बजाउँदै नाच गर्न खेतका फाँटहरूमा पुगे ।

किसानहरू असार १५ कै अवसरमा धान लगाउन खेत खेतमा पुगेका थिए । शुक्रबारदेखि परेको अविरल वर्षासँगै किसानहरू असार १५ मा मानो रोपेर मुरी उब्जाउन खेत खेतमा काम गरिरहेका देखिन्थे । कोही किसानहरू धान रोप्न ब्याडमा बिउ काढ्दै थिए । कोही खेतमा आली लगाउँदै । कोही किसान खेतमा माटो हिलाउँदै त कोही ट्याक्टर जोत्दै हिलाउँदै थिए । कोही परम्परागत रुपमा गोरुले जोत्दै हिलाउँदै थिए । कृषिमा आधुनिक प्रविधि भित्रिएसँगै धान रोप्न सहज भएको पाल्पा माडी फाँटका कृषक अग्निराज न्यौपानेले बताए । बिगतमा खेतमा काम गर्न कठिन थियो, सहज प्रविधि थिएन, तर अहिले प्रविधिसँगै धान खेतीमा सजिलो भएको माडी फाँटका कृषक न्यौपानेले बताए । कृषक न्यौपानेले ११ रोपनी खेतमा ४५ मुरी धान फलाउने गरेका छन् ।

किसानहरू खेत खेतमा असार १५ मा धान रोपाईंमा व्यस्त रहँदा पाल्पाका स्थानीय सरकारहरू पनि कृषकका खेत खेत, फाँट फाँट पुगेर कृषकहरुसँगै राष्ट्रिय धान दिवस मनाउँदै रोपाईंमा सहभागी भएका थिए । फाँट फाँटका कृषकहरु उत्साह जगाउन, धान खेती विस्तार गर्न, उनीहरूको वास्तविक समस्या फिल्डमै गएर जानकारी लिएका छन् । कृषकसँगै रमाउँदै उनीहरूको समस्या, गुनासाहरू सुन्न र सम्बोधन गर्न स्थानीय सरकारको रुपमा धान दिवस मनाउँदै कृषकको हिलो खेतमै आएको बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी दलामीले बताइन । हामी अहिले कृषकबाट जनप्रतिनिधि भएका छौं, भोलीका दिनमा फेरि कृषक नै भएर समाजमा रहने बस्ने भएकोले स्थानीय सरकारले कृषकका समस्या बुझ्ने, सम्बोधन गर्ने काम रहेको अध्यक्ष चिदीले जनाइन ।

यस वर्षको असार १५ कृषकमुखी भएको छ, कृषकले खोजे जस्तै झम झम पानी पर्‍यो । एकातिर कृषकहरू झमझम पानीसँगै धमाधम धान रोपिरहेका छन् । अर्कोतर्फ कृषककै खेतमा पञ्चेबाजाको तालमा जनप्रतिनिधि तथा कर्मचारी, कृषकहरू नाच्दै रमाउँदै कृषकसँग एक आपसमा हिलो छ्याप्दै रमाएका छन् । सरकारले विगत २१ वर्षदेखि कृषकहरूको हौसल्ला बढाउन असार १५ मा राष्ट्रिय धान दिवसको रुपमा मनाउँदै आएको छ । कृषकको हौसल्ला बढाउँदै उनीहरूका पिरमर्कालाई सम्बोधन गर्दै, बाँझा भएका खेतहरूका धान रोप्ने वातावरण बनाउन लागिपरेको धान दिवसमा सहभागी बगनासकाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बद्रिनाथ लम्सालले बताए ।

बगनासकाली गाउँपालिको प्रमुख आधार नै कृषि हो, कृषिको आधुनीकरण र व्यवसायीकरण बिना पालिकाको दिगो प्रगती हुन सक्दैन । बगनासकालीको माडी फाँट, दैलातुङ्ग फाँट, दरपुक फाँट प्रमुख अन्न भण्डा क्षेत्र हुन् । कृषकहरूलाई चाहिने पुर्वाधार तथा यान्त्रिकरणको लागि कृषकको मागको आधारमा सहयोग गर्ने पालिकाका उपाध्यक्ष हरिप्रसाद पाठकले बताए ।

बगनासकाली भित्र खपत हुने र उत्पादन हुने खाद्यान्नहरूको तथ्याङ्क लिने, सोही आधारमा धानको उत्पादन बढाउने, कृषकहरूलाई प्रोत्साहन गर्ने, हौसल्ला बढाउने र परम्परागत रुपमा खेतीपाती गर्दै आएका कृषकहरूलाई व्यवसायिक बनाउँदै आधुनिक प्रविधिमा रुपान्तरण गर्ने गरी पालिकास्तरमा छलफल भएको माडी फाँटमा धान दिवसमा सहभागी बगनासकाली कृषि शाखा प्रमुख रामहरि गैरेले बताए । बगनासकालीले वडा नं. ३ को नायरनमतलेस भकारे खोलामा राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव गरेको हो ।

पाल्पामा हालसम्म ९ प्रतिशत खेतमा धान रोपाईं सकिएको छ । पाल्पामा ८ हजार २ सय ४० हेक्टरमा धान खेती हुँदै आएकोमा हाल सम्म ७४२ हेक्टरमा मात्र रोपाईं भएको छ । पाल्पामा प्रति हेक्टर ३. ४५ टनको दरले २४ हजार मेट्रिक टन धान उत्पादन हुँदै आएको छ । पाल्पामा विगत ५ वर्षदेखि धान उत्पादनको दर स्थिर रहेको छ ।

देवदहमा उत्खननका क्रममा भेटिएका बस्तुहरू लुम्बिनी विकास कोषमा लगियो

गोविन्द घर्ती

देवदह

देवदहको खयरडाँडामा उत्खनन्को क्रममा भेटिएका ऐतिहासिक बस्तुहरू संरक्षणको लागि लुम्बिनी बिकास कोषमा लगिएको छ । देवदह नगरपालिकाको आर्थिक सहयोगमा भएको खयरडाँडा क्षेत्रमा गरिएको उत्खनन्को क्रममा भेटिएका बस्तुहरू देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलको रोहबरमा लुम्बिनी बिकास कोषमा लगिएको हो ।

एक महिना लगाएर खयरडाँडामा गरिएको उत्खनन्को क्रममा ऐतिहासिक इनार, कौडा, माटोको कल्चा, फलामको बन्चरो, भाँचिएको फलामको हँसिया, माटोको पैंटो, धार लगाउने ढुँगालगायतका सामग्री फेला परेको लुम्बिनी बिकास कोषका पुरातत्व अधिकृत हिमाल उप्रेतीले जानकारी दिए ।

उक्त ऐतिहासिक बस्तुहरू इनारमा भेटिएको हिमाल उप्रेतीले जानकारी दिए । खयरडाँडामा गरिएको उत्खनन्को क्रममा भेटिएका माटोको भाडाहरूलाई जोडेर पुनः देवदह नगरपालिकालाई हस्तान्तरण गरिने पुरातत्वविद् उप्रेतीले जानकारी दिए ।

देवदह खयरडाँडा क्षेत्रमा गरिएको उत्खनन्मा भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी, कपिलवस्तुको तिलौराकोटमा पाइने बस्तुहरू फेला परेको उप्रेतीले बताए ।

बुद्धकालिन अवस्थामा इट्टाको प्रयोग नहुने तर माटो र काठको मात्र प्रयोग गरिने भएकोले वास्तविक देवदह कहाँ भन्ने एकिन हुन नसकेको उप्रेतीले जनाए । देवदह क्षेत्रको उत्खनन्मा पाइएको सबै संरचना महत्वपूर्ण रहे पनि खयरडाँडामा फेला परेको इनार अध्ययनपछि मात्र भन्न सकिने बताउँदै उप्रेतीले खयरडाँडामा उत्खनन्को क्रममा भेटिएको इनारलाई नगरपालिकाको आग्रहमा ट्रस निर्माण गरिएको बताए । उत्खनन्को क्रममा भेटिएका पर्खालहरूलाई भने प्लाष्टिक राखेर पुरिएको उप्रेतीले जानकारी दिए । देवदहमा रहेका ऐतिहासिक स्थलहरूको उत्खनन्को लागि आगामी वर्ष पनि बजेटको व्यवस्था गरेको नगर प्रमुख ध्रुवप्रसाद खरेलले बताए । देवदह क्षेत्रमा पुरातात्विक क्षेत्रहरू धेरै रहेकोले वार्षिक रुपमा बजेटको व्यवस्था गरेर लुम्बिनी बिकास कोष र पुरातत्व विभागसँग समन्वय गरेर उत्खनन् गरिने नगर प्रमुख खरेलले बताए ।

देवदह क्षेत्रको पुरातात्विक क्षेत्रमा गरिएको उत्खनन्मा भेटिएका ऐतिहासिक बस्तुहरूको संरक्षण सम्वर्द्धन गरी देवदह क्षेत्रमा आएका पर्यटकहरूलाई देखाउने गरी व्यवस्थापन गरिने नगर प्रमुख खरेलले जानकारी दिए । देवदहमा रहेका पुरातात्विक क्षेत्रको उत्खनन् गरी देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा बिकास गर्न नगरपालिका लागिरहेको उनले औँल्याए ।

सबैभन्दा धेरै वर्षा गलकोटमा

बुटवल । शुक्रबार राति सबैभन्दा बढी पानी बागलुङको गलकोटमा परेको छ । त्यहाँ चौबिस घन्टाको अवधीमा २२७ मिलिमिटर वर्षा मापन भएको छ ।

मौसमको शब्दावलीमा यसलाई अति भारी वर्षा भनिन्छ ।

१० मिलिमिटरसम्मको वर्षालाई हल्का, १०.५० मिलिमिटरसम्मको वर्षालाई मध्यम, ५०.१०० मिलिमिटरसम्मको वर्षालाई भारी, १०० देखि २०० मिलिमिटरसम्मको वर्षालाई धेरै भारी र २०० मिलिमिटरभन्दा बढी पानी पर्‍यो भने अति भारी वर्षा भनिन्छ ।

त्यस्तै रुकुमको मुसिकोटमा पछिल्लो चौबिस घन्टामा १९० मिलिमिटर, स्याङ्जामा १४६.२ मिलिमिटर, स्याङ्जाकै पञ्चमुलमा १३२.४ मिलिमिटर, अर्घाखाँचीमा १३३ मिलिमिटर, गुल्मीमा १२९.८ मिलिमिटर र दाङको कबिलासमा १२५.२ मिलिमिटर वर्षा भएको महाशाखाले जनाएको छ ।

प्लास्टिक फुटप्रिन्ट हटाउन बर्दघाटमा वृहत् सरसफाइ

बर्दघाट । वातावरण दिवसको अवसरमा कार्बन न्यूनिकरण परियोजना प्लास्टिक फुटप्रिन्ट हटाउने अभियानअन्तर्गत नवलपरासीको बर्दघाटमा वृहत् सरसफाइ कार्यक्रम गरिएको छ । परमेश्वरको मण्डली विश्व सुसमाचार समाजले आफ्नो २०औं वार्षिकोत्सवको उपलक्ष्यमा बर्दघाट-त्रिवेणी सडक खण्ड र बसपार्क क्षेत्रको वरपर सरसफाइ कार्यक्रम सम्पन्न गरेको हो । उक्त सरसफाइ कार्यक्रमबाट करिब सय बोरा प्लास्टिकजन्य फोहोर संकलन गरी बिसर्जन गरिएको छ ।

उक्त कार्यक्रममा बर्दघाट नगरपालिका वडा नं. ४ का वडाध्यक्ष वेदबिना तवारीले जुनसुकै धर्म र जातिका भए पनि आफ्नो गाउँ समाज सफा र स्वच्छ बनाउनुपर्ने दायित्व सबैको भएकोमा जोड दिँदै प्लास्टिक फुटप्रिन्ट हटाउने अभियान तथा सरसफाइ कार्यक्रम एकदमै राम्रो र सराहनीय रहेको बताए । कार्यक्रमका संयोजक सरोज लामाले वर्तमान समयमा संसारमा वातावरण प्रदुषणको समस्या एकदमै जटिल बन्दै गइरहेकोले वातावरण प्रदुषणलाई रोकथाम गर्न सरसफाइको कार्यक्रम, वृक्षरोपणको कार्यक्रमलगायत अन्य जनचेतनामूलक कार्यक्रमहरू सबै निकायले प्राथमिकतामा राखेर गर्नुपर्ने जनाए ।

लामाले मण्डली स्थापना भएको २० वर्ष पुरा भएको र विश्वको १७५ वटा देशहरूमा स्थापना ३७ लाखभन्दा बढी सदस्यहरू भएको विश्वव्यापी सञ्जाल रहेको बताए । कार्यक्रममा बर्दघाटका प्रहरी नायब निरिक्षक चोपबहादुर केसी, वडा सदस्य जनकबहादुर रावल, शान्तिनगर टोल सुधार समितिका अध्यक्ष होमबहादुर गुरुङ, समाजसेवी लक्ष्मीभक्त लामालगायतले वातावरण संरक्षण र सरसफाइमा सरकारी र गैर सरकारी संस्थाले प्राथमिकता दिएर काम गर्नुपर्नेमा जोड दिएका थिए ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रुपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com